नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय

# वन तथा भू-संरक्षण विभाग

बबरमहल, काठमाडौं

२०८३/१/१५
उप-महानिर्देशक

## राष्ट्रिय पुरस्कारका लागि मनोनयन गर्ने सम्बन्धि सूचना

यस विभागले हरेक वर्ष सामुदायिक वन दिवसको अवसरमा वितरण गर्ने निम्न पुरस्कारहरुका लागि सामुदायिक वन उपभोक्ता समूहहरु, साझेदारी वन उपभोक्ता समूहहरु, कबुलियती वन उपभोक्ता समूहहरु, निजी वन कृषकहरु तथा राष्ट्रसेवक कर्मचारीहरुलाई पुरस्कारमा मनोनयन हुनका लागि आ.व.०८२/०८३ मा सम्पन्न भए गरेका कार्यहरुको प्रमाणित दस्तावेज सहित यस विभागको वेबसाइटमा राखिएको "वन क्षेत्र सम्बन्धी राष्ट्रिय पुरस्कारको कार्यविधि, २०८२" बमोजिम हुने गरी वन तथा भू-संरक्षण विभागमा आवेदन पेश गर्नु हुन अनुरोध छ ।साथै आवेदन पेश गर्ने अन्तिम मिति २०८३ जेष्ठ १८ गते रहेको व्यहोरा समेत सबै सरोकारवालाहरुको जानकारीको लागि अनुरोध छ ।

| सि.नं. | पुरस्कारको शिर्षक | सिफारिसको प्रक्रिया |
|---|---|---|
| १ | गणेशमान सिंह सामुदायिक वन पुरस्कार | प्रत्येक डिभिजन वन कार्यालयले आफ्नो कार्यक्षेत्रको १ वटा उत्कृष्ट सामुदायिक वन सिफारिस गरी प्रदेश वन निर्देशनालय मार्फत वन तथा भू-संरक्षण विभागमा पेश गर्ने |
| २ | कबुलियती वन राष्ट्रिय पुरस्कार | प्रत्येक डिभिजन वन कार्यालयले आफ्नो कार्यक्षेत्रको १ वटा उत्कृष्ट कबुलियती वन सिफारिस गरी प्रदेश वन निर्देशनालय मार्फत वन तथा भू-संरक्षण विभागमा पेश गर्ने |
| ३ | निजी वन राष्ट्रिय पुरस्कार | प्रत्येक डिभिजन वन कार्यालयले आफ्नो कार्यक्षेत्रको १ वटा उत्कृष्ट दर्ता भएका निजी वन सिफारिस गरी प्रदेश वन निर्देशनालय मार्फत वन तथा भू-संरक्षण विभागमा पेश गर्ने |
| ४ | साझेदारी वन राष्ट्रिय पुरस्कार | प्रत्येक डिभिजन वन कार्यालयले आफ्नो कार्यक्षेत्रको १ वटा उत्कृष्ट साझेदारी वन सिफारिस गरी प्रदेश वन निर्देशनालय मार्फत वन तथा भू-संरक्षण विभागमा पेश गर्ने |
| ५ | गणेश बहादुर शाही संरक्षण पुरस्कार | डिभिजन वन कार्यालयहरुबाट वन रक्षक, सशस्त्र वन रक्षक, फरेष्टर/रेञ्जर लगायत सहायकस्तर,पाँचौ श्रेणी स्तर सम्मका कर्मचारी मध्येबाट १/१ जना गरी जम्मा ३ जना उत्कृष्ट कर्मचारीको नाम गणेश बहादुर शाही संरक्षण पुरस्कारको लागि सिफारिस गरी वन निर्देशनालयमा पठाउने र<br>प्रदेश वन निर्देशनालयले डिभिजन वन कार्यालयबाट सिफारिस भई आएका र निर्देशनालयमा कार्यरत वन रक्षक, सशस्त्र वन रक्षक, फरेष्टर/रेञ्जर लगायत सहायकस्तर पाँचौ श्रेणी स्तर सम्मका कर्मचारी मध्येबाट १/१ जना उत्कृष्ट कर्मचारी छनौट गरी पुरस्कारको लागि सिफारिस साथ वन तथा भू-संरक्षण विभागमा पठाउने । |

वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाण्डौ ।

नोटः वन क्षेत्र सम्बन्धी राष्ट्रिय पुरस्कारको कार्यविधि, २०८२ https://dofsc.gov.np/content/152/proceedings-of-the-national-award-related-to/ मा रहेको छ।

CamScanner